म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५४ बिहीबार १३ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 25 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता
- समावेशी सहभागिताको सुनिश्चितता
- लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती सरकारको १४ निर्णय:

# स्वदेशी काठको अनिवार्य प्रयोगदेखि सार्वजनिक विदासम्म

प्रतिक्षा न्यौपाने

हेटौंडा, १२ वैशाख/ बागमती प्रदेश सरकारको बुधवार बसेको मन्त्रिपरिषद् बैठकले १४ वटा निर्णय गरेको छ ।

२०८१ सालको पहिलो मन्त्रिपरिषद् बैठकले सरकारी तथा सामुदायिक भवन तथा अन्य कुनै भौतिक संरचनाको निर्माण गर्दा स्वदेशी काठको अनिवार्य प्रयोग गर्नुपर्ने निर्णय गरेको छ । यसैगरी, २४ वैशाखमा तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा प्रयोगको सुभारम्भ गर्ने दिनको अबसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको सरकारका प्रवक्ता गंगा नारायण श्रेष्ठले जानकारी दिए ।



२२ असोजमा बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० पारित भएको थियो । सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशप्रमुख यादवचन्द्र शर्माबाट प्रमाणीकरण भएर प्रदेश राजपत्रमा प्रकाशित भएको १८० दिनपछि मात्र लागूहुने कानुनी व्यवस्था थियो । बैठकले हिउँदे अधिवेशनको अन्त्य गर्ने निर्णय पनि गरेको छ ।

आन्तरिक मामिला तथा कानुनमन्त्रालयको सिफारिसमा जिल्ला अदालत मकवानपुरको भवन उद्घाटन कार्यक्रमको ५ लाख खर्च रकमान्तर गर्न अख्तियारी प्रदान गर्ने, आर्थिक मामिला तथा कानुन मन्त्रालयको सिफारिसमा स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानिकरण अनुदान रकम स्वीकृत गर्ने, भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिसमा बागमती प्रदेशस्तरीय सरकारी पदाधिकारी तथा कर्मचारीको कार्यकक्ष स्तरीकरण सम्बन्धी मापदण्ड-२०८० स्वीकृत, अब बन्ने नयाँ संरचनाका लागि निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले जानकारी दिए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिसमा वनक्षेत्रको भोगाधिकार तथा रुख कटान सम्वन्धमा जग्गा भोगाधिकार मात्रै लिइ राख्ने, सामाजिक विकास मन्त्रालयको सिफारिसमा लैगिंक तथा यौनिक अल्पसंख्यक सम्बन्धी नीति-२०८१ स्वीकृत गर्ने, सामाजिक विकास मन्त्रालयअन्तर्गत् आर्थिक वर्ष २०७८/७९ को बाँकी भुक्तानी रकम निकासा गर्ने, श्रम, रोजगार तथा यातायात मन्त्रालयको सिफारिसमा प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गर्ने निर्णय भएको मन्त्री श्रेष्ठले बताए ।

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको सिफारिसमा प्रदेश कामकाजको भाषा सुभारम्भ २४ वैशाखमा गर्ने, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सिफारिसमा २४ वैशाखमा प्रदेशभर सार्वजनिक विदा दिने र २४ गतेपछि सबै सरकारी कार्यालयमा नेपाली, तामाङ र नेपाल भाषामा साइनबोर्ड लेख्नुपर्ने, सशस्त्र प्रहरी बल ३ नम्बर वाहिनीद्वारा गोताखोर तालिम सञ्चालन गर्ने, विपद स्वयमसेवक समूह निर्माण तथा परिचालन गर्ने र प्रदेश उच्चशिक्षा नियमावली २०७९ को पहिलो संसोधन सम्वन्धनमा निर्णय गरिएको मन्त्री श्रेष्ठले जनाए ।

# मकवानपुरमा एकैदिन चार ठाउँमा आगलागी, दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ मकवानपुरमा बुधबार एकैदिन ४ स्थानमा आगलागी भएको छ । आगो लगाएको आरोपमा मकवानपुर प्रहरीले २ जनालाई नियान्त्रणमा लिएको छ । जिल्लाको बागमती गाउँपालिकामा वनमा आगलागी हुँदा घर जलेर नष्ट भएको छ ।

बागमतीमा सामुदायिक वनमा लागेको आगो बस्तीमा सल्किदा एक घर जलेर पूर्णरुपमा नष्ट भएको मकवानपुर प्रहरीले जनाएको छ । बुधबार दिउँसो जंगलमा लागेको आगो अकस्मात् बस्तीमा पस्दा बागमती गाउँपालिका-९ ढाडे बस्ने चन्द्रमाया स्याङताङको घरमा आगलागी भइ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

स्याङताङको २ तले जस्ताले छाएको कच्ची घर कालिश्वर सामुदायिक वनमा लागेको आगो सल्किएर नष्ट भएको हो । आगलागीबाट घर पूर्णरुपमा जलेर नष्ट भएको र घरमा रहेको लत्ताकपडा, भाडावर्तन, अन्नपात क्षति भएको प्रहरीले जनाकारी दिएको छ । इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएको बताइएको छ ।

यसैगरी, मकवानपुरको बकैया गाउँपालिका पाङधुरेदमार बस्ने दीपक जिम्बाको २ वटा जस्ता र खरले छाएको कच्ची गोठमा आगलागी हुँदा पूर्णरुपमा क्षति भएको छ । प्रहरीका अनुसार नौलो हरियाली सामुदायिक बनमा लागेको डडेलोबाट जिम्बाको गोठमा आगो सल्कन गई आगोलागी भएको थियो । प्रहरीचौकी हात्तिसुँडेको टोली, स्थानीयबासी र हेटौंडा उपमहानगरपालिकाको दमकलको सहायतामा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको छ । आगोलागीबाट २ वटा गोठ पूर्णरुपमा जली नष्ट हुनुका साथै २ वटा बाख्रा मरेका छन् । यसैगरी एउटा बाख्रा घाईते भएको तर, मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

यस्तै, बुधबार नै मकवानपुरको कैलाश गाउँपालिका-४ झ्याँगेस्थित स्थानीय नवराज न्यौपानेको गोठमा बारीमा बालेको आगोबाट सल्कन गई आगोलागी हुँदा आंशिक क्षति भएको छ । यसका साथै घरमा समेत आगलागी भई क्षति पुगेको प्रहरीले जनाएको छ । प्रहरीचौकी भार्ताबाट खटिएको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ भने मानवीय र चौपाया क्षति नभएको प्रहरीले जनाएको छ ।

बुधबार नै मकवानपुर ईन्द्रसरोवर गाउँपालिका-२ सुकौरास्थित पवलीभन्ज्याङ सामुदायिक वनमा लगाइएको आगोबाट स्थानीय रामबहादुर घिसिङको माटो ढुंगा, टिनले छाएको २ तले घरको अगाडिको भाग काठको बार्दली, झ्याल, ढोका, मकै ५ मुरी, तोरी ३ मुरी, फापर १ मुरी, डिएपिमल २ बोरा र भाँडाकुँडा जली क्षति भएको छ । साथै स्थानीय रामचन्द्र घिसिङको शौचालय समेत आगलागीमा क्षति भएको प्रहरीले जनाएको छ । आगलागी स्थानीय २० वर्षीय अर्जुन बल तामाङ र ३८ वर्षीय सोमबहादुर घिसिङले लगाएको प्रहरीले जनाएको छ । २ जनालाई नियन्त्रणमा लिएको र घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ ।

# अपाङ्गता भएकाको स्वास्थ्य सुविधाका लागि पहल गर्छु: मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ बागमती प्रदेशको स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले प्रदेशभरका अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सुविधाका लागि मन्त्रालयले आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

बुधवार राष्ट्रिय अपाङ्ग महासंघको आयोजनामा भएको स्वागत कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले विशेषत: आँखा देख्न नसक्ने, हिँड्न नसक्ने जस्ता अपाङ्गता भएका व्यक्तिको उपचारका लागि चाहिने सहयोग र आवश्यक सामग्री उपलब्ध गराउन पहल गर्ने बताए । सर्बप्रथम अपाङ्गता भएका व्यक्तिको तथ्यांक सबै समेटिएको विवरण उपलब्ध गराउन अपाङ्ग महासंघलाई मन्त्री श्रेष्ठले आग्रह गरे ।

अपाङ्गता भएका व्यक्तिका लागि गत वर्षबाट बजेट छुट्याईएको र हालसम्म लगभग २ करोड खर्च भईसकेको मन्त्री श्रेष्ठले जानकारी दिए । स्वास्थ्य क्षेत्रबाट पाएको सुविधा आवश्यक पर्ने व्यक्तिले पाउनुपर्ने र यस्ता कार्यमा जिम्मेवार संघसंस्था पनि जवाफदेही हुनुपर्ने उनको भनाई छ ।

पछिल्लो समयमा बागमती प्रदेशमा ७ हजार घर परिवारले स्वास्थ्य बीमाको सुविधा लिइरहेको मन्त्री श्रेष्ठले बताए । छलफलमा पिएसओ नेपालका डम्बर बोहरा, नेत्रहिन महासंघ मकवानपुरका अध्यक्ष केदारबहादुर बजगाईं, राष्ट्रिय अपाङ्ग महिला सेवाका प्रमुख सुप्रभा अपलिलगायतले आफ्नो धारणा राखेका थिए ।

**सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!**

नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौँडा उपमहानगरपालिका, २ नं. वडा कार्यालयको सहयोगमा उद्यमशिलता वा व्यवसायिक नविनतम सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतिका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरणसमेत गर्ने उद्देश्यका साथ हेटौँडामा नै पहिलो पटक 'स्वरोजगार मेला (Self-Employment Expo)' को आयोजना हुन गइरहेको हुँदा हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनैपनि विषयमा न्युनतम +2 उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यवसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/Proposal) संस्थाले उपलब्ध गराएको ढाँचामा आगामी वैशाख २५ गतेभित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ट ३ ओटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृतसमेत गरिने जानकारी गराइन्छ ।

**अवधारणा पत्र पेश गर्ने ठेगाना**

संघको कार्यालय: नलेज भिलेज, नवलपुर, हेटौँडा-११

फोन नं.: ०५७-५२३८०२, मोवाइल: ९८५१०६००८१

इमेल: manbpchtd@gmail.com

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**
**From Nursery to Grade 9**




**Scholarships**
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !
Seats are limited
Book your seat on time

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

App Store Google Play

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

साझाकुरा

## हाम्रो कुरा

# जनआन्दोलनको १८ वर्ष

जनआन्दोलनको जगमा मुलुकको शासकीय स्वरुप र व्यवस्था परिवर्तन भएको १२ वर्ष भयो तर, जनजीबिकामा परिवर्तन आउन सकेको छैन । देशमा भविश्य नदेखेर दैनिक ३ हजार भन्दा बढी युवा भविश्य खोज्दै खाडी मुलुक गइरहेका छन् । राम्रो अध्ययन गर्ने क्षमता भएका युवा उच्चशिक्षाको बहानामा युरोप, अमेरिका, अष्ट्रेलिया ओइरिएका छन् । राजनीतिक दल र तिनका कार्यकर्ता देश लुट्नमा ब्यस्त छन् । जनआन्दोलनमा रगत बगाएका सहीद परिवारको बिचल्ली भएको छ । सत्ताको अवसर सुकिलामुकिला र टाठाबाठाले लिइरहेका छन् । जनआन्दोलन भन्दा अघिका किसान, मजदुर परिवारमा सुख, शान्ति अमनचयन बढेको छैन । बरु दिनदिनै निराशा बढेको छ । गाउँगाउँमा सिंहदरबार आयो तर, गाउँ रित्तिँदै गयो । गाउँमा विकास गयो तर, जनसंख्या सहरमा थुप्रियो । गणतन्त्रले समाजलाई सर लतातिरबाट जटिलतातिर धकेलिरहेको छ । जनताले जे सोचेर जनआन्दोलनमा होमिएका थिए तर, त्यो उपलब्धी भेट्टाएनन् । २०६२ साल चैतमा सुरु भएको शान्तिपूर्ण आन्दोलन १९ दिनसम्म चलेर २०६३ वैशाख ११ मा लोकतन्त्र बहाली भएको थियो । जसकारण बैशाख ११ मा लोकतन्त्र दिवस मनाउन थालिएको हो ।

जनता नै सर्वोपरि हुने मान्यताका साथ शासनप्रणालीमा प्रत्यक्ष वा परोक्षरुपमा सहभागिता रहने, स्वतन्त्रता, समानता, विधिको शासन, बालिगमताधिकार, आवधिक निर्वाचन, सुशासन आदि विविधपक्षहरु प्रतिबिम्बित भएको शासन प्रणालीलाई लोकतन्त्र मानिन्छ । मुलुकमा लोकतन्त्र आएता पनि यी सबै विषय पूर्ण लागू भए वा भएनन् त्यो छुट्टै बहसको विषय बन्न सक्छ । तर, लोकतन्त्र ल्याउनकै लागि ज्यान आहुति दिनेमा बागमतीका १० जना छन् । जसमध्ये एकजना मकवानपुरका हुन् । नेपालमा जहानियाँ राणाशासन, निरंकुश पञ्चायती व्यवस्था, २०४६ सालको आन्दोलनपछि संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्र, माओवादी सशस्त्र जनयुद्धहुँदै तत्कालीन विद्रोही माओवादी र सात दलबीचको सहमतिपछि जनआन्दोलन सुरु भएको थियो । २०६२ चैत २४ गतेदेखि नेपालमा दोस्रो जनआन्दोलन सुरु भएको थियो । जनआन्दोलनका क्रममा बागमती प्रदेशअन्तर्गत १० जनाले ज्यान गुमाउनु परेको थियो । २४ चैत २०६२ मा हेटौंडा बजारमा राजनीतिक दलले विरोध प्रदर्शन सुरु गरेका थिए । त्यसअघि पनि बलजफ्ती बिरोधका कार्यक्रम भएको हो । तर, चैत २४ देखि नेपालका सबै निकाय ठप्प पारेर आन्दोलन संचालन गरिएको थियो ।

हेटौंडाको लोकतान्त्रिक चोकबाट निस्केको जुलुसलाई प्रहरीले हस्तक्षेप गरी आन्दोलनको अग्रपंक्तिमा रहेका ६४ जना नेता र कार्यकर्तालाई पक्राउ गरेको थियो । विरोध प्रदर्शनमा विद्यार्थी, शिक्षक, प्राध्यापक, इन्जिनियर, डाक्टर, मानवअधिकारकर्मी, पत्रकार र वकिल, किसान, ब्यापारीलगायत सामेल थिए । स्थानीय प्रशासनले २५ चैतमा हेटौंडाको विभिन्न भागमा निषेधाज्ञा जारी गरेको थियो । चैत २५ गते निषेधाज्ञा तोड्दै हेटौंडा बजारमा विरोध प्रदर्शन गरियो । सो क्रममा प्रहरीले हस्तक्षेप गरी २८ जनालाई पक्राउ गरेको थियो । प्रहरीको लाठी चार्जबाट १२ जना आन्दोलनकारी घाइते भएका थिए । चैत ३१ गते गाउँ-गाउँबाट आन्दोलनमा सहभागी हुन हेटौंडामा हजारौं मानिसहरु आएका थिए । यसै समयमा प्रशासनले लगातार १८ घण्टा कर्फ्यु आदेश जारी गरेको थियो । आन्दोलनलाई दबाउन प्रशासनले २०६३ वैशाख १ र २ गते कर्फ्यु लगाएको थियो । १९ दिने आन्दोलनका क्रममा मकवानपुरमा ३४९ जना पक्राउ परेका थिए भने २३ जना आन्दोलनकारी घाइते भएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १४ गते शुक्रबार २६ अप्रिल २०२४ । द्वितीया, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धन हानी | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# पात्र फेरिए तर प्रवृत्ति फेरिएन



✍ नगेन्द्रराज पौडेल

परिवर्तन सम्भव छ र यसको शुरुवात म आफैंबाट गर्नुपर्छ भन्ने सिद्धान्त विभिन्न तालिम, सेमिनारहरुमा आउने प्रमुख अतिथिहरुले निकै जोडतोडका साथ सुनाउने गर्छन् । तिनै पात्र, जो प्रमुख अतिथिका रुपमा अर्कोलाई उपदेश दिन्छन्, आफ्नो जीवनमा ती उपदेशहरु लागू गरेको देखिँदैन । नेपाली राजनीतिमा यो प्रवृत्ति अझ बाक्लो देखिन्छ । यसकारण यथार्थ र वास्तविकतामा धेरै अन्तर छ/हुन्छ भन्ने कुरा बुझ्न धेरै कसरत गर्नुपर्दैन ।

**राजनीतिमा छलकपट :**

भनिन्छ, कोटको खल्तीमा जतिसुकै महँगो कलम भिरे पनि अन्तत: लेख्ने विचारले हो, कलम आफैंले लेख्दैन । अहिले हाम्रो राजनीति कोटमा भिरेको त्यही महँगो कलमजस्तै छ । पात्र छन्, विचार छैन । अनुहार छ, निष्ठा छैन । गृहमन्त्रीको सहकारी प्रकरणको विषय उठाएर प्रतिनिधिसभा लामो समयसम्म तातेको थियो । अहिले त स्थगित नै भएको छ । तीन बा (केपी बा, नानीका बा र देउबा) को अधिकतम विरोध गर्दै बूढा पुराना दल र तिनको नेतृत्वलाई नो, नट, अगेन भन्दै जनमत बढारेका राष्ट्रिय स्वतन्त्र पार्टी तिनै बाका पछि लागेर एक वर्षका बीचमा दुई-दुईपटक सरकारमा पुगेको छ । सर कारमा सामान्य सहभागी मात्र होइन, सो पार्टीका सभापतिले मागेर नै उपप्रधानसहित गृह मन्त्रालयको नेतृत्व गरेका छन् । अघिल्लो वर्ष गृहको नेतृत्वमा छँदा दोहोरो नागरिकताका कारण कानुनी विवादमा परेपछि मन्त्रीबाट हट्नुपरेको थियो । सभापति नै हट्नुपरेपछि भन्दै सो पार्टीले आफ्नो तर्फबाट सरकारमा सहभागी सबै मन्त्रीलाई फिर्ता बोलाएको थियो ।

मन्त्री विवादमा परेकै कारण हटाइएका वा राजीनामा दिएका उदाहरण नेपालमा बग्रेल्ती पाइन्छन् । तर त्यो बेला अरु दलले आरोपित मन्त्री फिर्ता भएकै कारण आफ्ना दलका अरु मन्त्रीलाई फिर्ता बोलाएको इतिहास आजपर्यन्त देखिँदैन । नयाँ पार्टीको नवीनता भनेर त्यति बेला धेरैले चित्त बुझाएका भए पनि यसपटक उक्त दल सरकारमा सहभागी भएर देखाएको उपलब्धि भने सालाखालाभित्रै सीमित देखिन्छ । स्टन्डबाजी गर्ने वा सेलिब्रेटी हुने रहर भने बेगल विषय हो । पुराना दलका नेताले झैं काम गर्नेचाहिँ मन्त्रीको अनि तलबभत्ताचाहिँ उपप्रधानमन्त्रीको ? नयाँ दलका नयाँ नेतामा नै यस प्रकारको लोभ जागेपछि नयाँ र पुरानाबीच प्रवृत्तिगत असमानता कहाँ रह्यो र ?

**उल्टो गतिमा राजनीति :**

भनिन्छ, नीतिहरूको राज राजनीति हो । राजनीति लयमा आयो भने अरू नीतिले स्वत: लय लिन्छन् । तर, हामीकहाँ खासगरी २०६२/६३ को आन्दोलनपछि राजनीति मात्रात्मकरूपमा झनै विकृत र विसंगत देखिएको छ । त्यसयता केही पात्र फेरिए पनि प्रवृत्ति फेरिएको देखिँदैन । शान्ति, विकास र सुशासन सबै दलको चुनावी नारा मात्र बनेको छ । सरकार बनाउने र ढाल्ने खेलमा नै राजनीतिक दलहरूको गठबन्धन हुने र भत्कने गरेको छ । दिनुहँजसो हुने गठबन्धन बैठकको एजेन्डामा शान्ति, विकास र समृद्धिले प्रवेश पाएकै छैन । राष्ट्रिय मुद्दाले त्यस्ता बैठकमा प्रवेश पाएकै छैनन् । चुनाव जित्न एउटा गठबन्धन, सरकारमा जान अर्को र सरकारमा टिकिरहन पुन: अर्को गठबन्धन हुने र भत्कने गरेको देखिन्छ । टाढा जान पर्दैन, कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेशको सरकार निर्माण र विगठनसम्बन्धी ताजा घटना नै हाम्रा राजनीतिक दलको अभिष्ट प्रमाणित गर्न काफी छन् ।

नेपालका अधिकांश राजनीतिक दलले अझ यसपटक नयाँ भाष्य सिर्जना गरेका छन् र त्यो हो मिसन चौरासी । आमनिर्वाचन भएको ६ महिना नबित्दै उनीहरुले ल्याएको मिसन ८४ को ध्येय देश, जनताका लागि भन्दा पनि आफू र आफ्नो दल ८४ को निर्वाचनमा अत्यधिक मतसहित सत्तारोहण गर्ने नै हो । सत्तामा गएपछि देशका लागि के गर्ने ? जनताले के पाउने ? शिक्षा कस्तो हुने ? सुशासनमा कसरी सुधार ल्याउने ? स्वास्थ्य स्थितिमा सुधार कसरी ल्याउने ? कुनै पनि दललाई यी कुराको चिन्ता छैन, न त मिसन चौरासीमा यी विषयले प्रवेश नै पाउँछन् ।

आज सुशासन निकै कमजोर छ । पूर्वमन्त्रीदेखि बहालवाला सचिवसमेत अनियमिततामा संलग्न भई सोको आरोपमा अख्तियारको निगरानीमा छन् । मुलुककै उपप्रधान तथा गृहमन्त्रीमाथि सहकारी अपचलनको संगीन आरोप लगाएर दिनहुँजसो सदन तातेको छ । अर्थतन्त्र भयावह अवस्थामा छ । सरकार स्वदेशी तथा विदेशी लगानीकर्तालाई नेपालमा लगानीका लागि प्रेरित गर्ने उद्देश्यले तेस्रो लगानी सम्मेलनको आयोजनामा जुटेको छ । तर विगतका दुईवटा सम्मेलनले आशातीत लगानी आउन नसकेको कुरा प्रमाणित भैसकेको छ ।

पहिलो लगानी सम्मेलन सन् २०१७ मा साढे १४ खर्बको लगानीको आशय व्यक्त गरि एकोमा आजसम्म ३ खर्ब ३५ करोड ४७ लाख मात्र लगानी भित्रिएको छ । दोस्रो लगानी सम्मेलन-२०१९ मा स्वदेशी तथा विदेशी लगानीकर्ताले करिब १७ खर्ब ३० अर्ब रुपियाँ बराबरको लगानी प्रतिबद्धता गरिएकोमा १ अर्ब १८ करोड रुपियाँ मात्र भित्रिएको छ । जबकि पहिलो सम्मेलनका लागि सरकारको १ करोड र दोस्रो सम्मेलनका लागि २ करोड ९८ लाख खर्च भएको थियो । अब फेरि सरकार लगानी भित्र्याउने आशामा तेस्रो लगानी सम्मेलनको तयारी गर्दै छ ।

लगानी भित्रिनका लागि ऐन, कानुनहरु बाधक बनेका छन् भनेर विज्ञहरुले भन्दै आएका छन् । भूमि, वनजस्ता पुराना कानुन संशोधन हुन जरुरी छ । सरकारले लगानी सम्मेलनअघि १२ वटा कानुन नै संशोधन गर्नुपर्नेछ । तर कानुन बनाउने जनप्रतिनिधिमूलक संस्था कहिले मन्त्रीको राजीनामा र कहिले संसदीय छानबिन समिति गठनको मुद्दामा अल्मलिएको छ ।

हामीकहाँ कर्मचारी प्रशासन पनि भुत्ते भएको छ । सधैं परिणाममा भन्दा प्रक्रियामा अड्काएर राख्ने प्रवृत्ति आज पनि उस्तै छ । विज्ञहरु अन्य मुलुकमा एक दिनमै हुने काम नेपालमा महिनौंसम्म पनि हुन नसक्ने बताउँछन् । लगानी नभित्रिनुको यो पनि एउटा कारण हो । सम्मेलनले आफैं लगानी भित्र्याउँदैन पनि । देशलाई लगानी मैत्री वातावरण कसरी बनाउने ? यो अजेन्डा कुनै पनि दलसँग छैन, न त मिसन ८४ ले नै यसको जवाफ दिन्छ । सबै खालका गतिविधिहरु, सत्ता गठबन्धन र राजनीतिक समीकरणको एउटै उद्देश्य छ, एउटै साझा लक्ष्य छ, कसरी आफू र आफ्नो दल सरकारमा जाने भन्ने एउटै चिन्ता छ ।

**पात्रकै कमी :**

हामीकहाँ संसारकै उत्कृष्ट व्यवस्था भनेर संसदीय व्यवस्था अंगीकार त गरियो तर यसलाई गतिशीलता दिने सुयोग्य पात्रको अभाव विगतदेखि नै खड्किरह्यो । चाहे नेपाली कांग्रेसले बहुमत ल्याउँदा होस्, चाहे विगठित नेकपाले बहुमतीय सरकार बनाउँदा होस्, राजनीतिक दल संसदीय मूल्य, मान्यताअनुसार चल्न सकेनन् । आफ्नै बहुमतीय सरकार सञ्चालन गर्न नसकेर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५० सालमा बहुमतीय संसद् भंग गरी मध्यावधि रोजे । २०५१ को मध्यावधिपश्चात् अल्पमतीय सरकारको नेतृत्व गरेका मनमोहन अधिकारीले आफ्नो सरकारविरुद्ध अविश्वासको प्रस्ताव पेस भएपछि सामना नगरी प्रतिनिधिसभा भंग गरि दिए । पछि सर्वोच्चको फैसलाले सदन पुनर्स्थापित भयो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पाँच महिनाबीच दुई/दुईपटक प्रतिनिधिसभा भंग गरे । दुवैपटक उनको कदमविरुद्ध राष्ट्रपतिसमेतलाई विपक्षी बनाई सर्वोच्चमा रिट पर्‍यो । दुवैपटक सर्वोच्चको संवैधानिक इजलासले प्रधानमन्त्रीको कदम असंवैधानिक भन्यो । फैसला सर्वसम्मत भयो, न्यायाधीशबीच राय बाझिएन ।

तर, सर्वोच्चकै फैसलाअनुसार सदन ब्यूँतिए पनि सो सदनले उल्लेख्य काम गर्न सकेन । किनभने सदनमा थिनै पात्र र उस्तै प्रवृत्ति थियो । पाँचवर्से अवधि टिकाउन मात्र सदन ब्यूँतिएको आभास भयो । यहाँसम्म कि आफैंले ब्यूँताइदिएको सदनले प्रधानन्यायाधीश स्वयंलाई अविश्वास प्रस्ताव राख्यो तर टुंगोमा पुऱ्याउन सकेन । सदनको यहाँभन्दा लाचारीपना र अकर्मण्यता अर्को के हुन सक्छ ? एमालेका सांसदहरूले सभामुखलाई आफ्नो पार्टी फुटाउने षड्यन्त्रमा लागेको भनी संसद् अवरोध गरे । देउवा सरकारलाई विश्वासको मत दिने माधव नेपालसहित तत्कालीन एमालेका १४ जना सांसदलाई पार्टीले कारबाही गरी सोको जानकारी प्रतिनिधिसभालाई गराएकोमा सभामुखले सोको सूचना टाँस गर्न आलटाल गरी उनीहरूलाई अलग दल दर्ता गर्न सहयोग पुऱ्याएको भन्दै उनीहरू सभामुखविरुद्ध खनिए । सभामुख भने १५ दिनभित्र कारबाही गर्ने आफ्नो अधिकार भएको र यसबीचमा उनीहरूलाई निर्वाचन आयोगले अलग्गै दल दर्ता गरी त्यसैको पदाधिकारी बनिसकेकाले कारबाही गरिरहन नपर्ने भनेर उम्किए ।

**लोकतन्त्र निर्विकल्प :**

जे भए पनि लोकतन्त्र यो युगको सर्वाधिक शक्तिशाली व्यवस्था हो । लोकतन्त्रको विकल्प अझै राम्रो लोकतन्त्र हुन सक्छ । लोकतन्त्रमा कानुन अर्थात् विधिको शासन महत्वपूर्ण मानिन्छ । जनमतको उच्च कदर गरिन्छ । असहमतिका विषय सकेसम्म वार्ता र नसकेमा प्रचलित कानुनसम्मत ढंगले निरुपण गर्नु लोकतन्त्रकै विशेषता हो । लोकतन्त्रमा आफैंले बनाएको कानुनी व्यवस्थालाई नकार्न पाइँदैन । अझ विधायकले त कानुनी प्रावधानको अक्षरश: अनुकरण गरी जनताका लागि पथप्रदर्शक बन्न सक्नुपर्छ । तर यो ल्यागत हाम्रा राजनीतिक दल र तिनले पठाएका प्रतिनिधि पात्रमा एकदम कम पाइन्छ । यो नै आजको उदेकजन्य विषय हो ।

जब राजनीतिमा सिद्धान्त हराउँछ, यस्तै हुन्छ । सिद्धान्तविहीन राजनीतिमा हुने यही हो । राजनीतिक दलले विगतबाट पाठ सिकेर अघि नबढ्ने हो भने सांसदको मात्र होइन, संसदीय व्यवस्थाकै खराबीको फेहरिस्त उत्रन बेर लाग्नेछैन । यसै कारण पनि जनादेशलाई व्यवस्थापन गर्ने कौशलता बहुमतप्राप्त राजनीतिक दलले देखाउनै पर्छ । तर, देखाउन सकेनन् । अहिले कतै संसद् वा सांसदभन्दा पनि संसदीय व्यवस्थाकै दोषका कारण यो अवस्था आएको त होइन भन्ने बहस चल्न थालेको छ । कतै यही कारण सदनमा र सडकमा राजतन्त्रको वकालत गर्ने जमात बढेका त होइनन् ? सोच्नै पर्ने हुन्छ ।

सार्वभौम हिसाबले हेर्दा नेपालको शासन व्यवस्था प्रगतिशील छ, १३०० शताब्दीदेखि १७०० शताब्दीको शुरुको समयमा पुनर्जागरणले ल्याएको परिवर्तनजस्तै । यस अवधिमा आएको त्यो परिवर्तन भनेको संघीय गणतन्त्र, लोकतन्त्रमा आधारित राज्य व्यवस्था, धर्म निरपेक्षता हो । अब यिनको संस्थागत विकास गर्न जरुरी छ । यसका लागि पात्र होइन, प्रवृत्ति फेरिनुपर्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# औपचारिकतामा अलमलिएको विद्यार्थी भर्ना अभियान

✍ हरि ज्ञवाली

नयाँ शैक्षिक सत्र सुरु भएसँगै यतिबेला मुलुकभरि विद्यार्थी भर्ना अभियान-२०८१ चलिरहेको छ । 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने नाराको यो अभियानले विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा भित्र्याउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ ।

यही वैशाख २ गतेदेखि २० गतेसम्मको विद्यार्थी भर्ना अभियानमा बालबालिकाहरूलाई विद्यालय पठाउन आह्वान गर्दै र कामको जिम्मेवारी निर्धारण सहित कार्ययोजना समेत बनाइएको छ । विगतमा पनि यस्तै अभियानका तामझाम सहित तमाम कार्ययोजना, कार्यनीति र लक्ष्यहरू निर्धारण गरिएका थिए ।

तर, विगतदेखिका भर्ना अभियानको कार्यान्वयन पक्ष र परिणाम भने त्यति प्रभावकारी र सन्तोषजनक रहेको पाइँदैन । त्यसैले यस पटकको भर्ना अभियान पनि विगत झैं फगत औपचारिकता निर्वाह गर्ने कर्मकाण्डी प्रयास त होइन भन्ने आशंका सर्वत्र उब्जिएको छ ।

**सबै नागरिकलाई साक्षर बनाउने उद्देश्य**

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । विद्यालय तहमा नि:शुल्क र अनिवार्य शिक्षालाई राज्यको आधारभूत दायित्वको रूपमा किटानी गरेको छ । यसको अर्थ सबै बालबालिकालाई विद्यालयसम्म पुऱ्याउनु र उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको प्रमुख जिम्मेवारी हो । सोही अनुसार २०८५ सालसम्म सबै नागरिकलाई साक्षर बनाउने उद्देश्यका साथ कक्षा ८ सम्म सबै बालबालिकाले पढेकै हुनुपर्ने अनिवार्य शिक्षा सम्बन्धी ऐनले परिकल्पना समेत गरेको छ ।

संविधान अनुसार विद्यालय तहको शिक्षा स्थानीय तहको दायित्वमा परेपछि विद्यार्थी भर्ना लगायत विद्यालय शिक्षा कस्तो बनाउने भन्ने जिम्मेवारी स्थानीय तहहरूको समेत काँधमा आएको छ । तर हालसम्म संघीय र स्थानीय सरकारले गरेका गतिविधि, परिणाम र प्रभावकारिता भने लक्ष्यअनुरूप सन्तोषजनक देखिँदैन । यसले सरकारको भर्ना अभियान लक्ष्यमा नपुग्ने हो कि भन्ने आशंका बढाएको छ ।

**भर्ना संख्या वर्षेनी घट्दो**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०८० को तथ्यांक अनुसार अझै पनि ५ देखि १२ वर्षसम्मका ३.९ प्रतिशत बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहेको आँकडा छ । भर्ना अभियानमा समेटिएका बालबालिकाले पनि स्कुल छाड्ने दर उच्च रहेको देखिएको छ ।

उता शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विगत तीन शैक्षिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) कुल विद्यार्थी भर्ना संख्या वर्षेनि घट्दो छ ।

महालेखा परीक्षकको ६०औं प्रतिवेदन अनुसार २०७८ मा भर्ना भएका विद्यार्थीमध्ये २७.२० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन् । शैक्षिक वर्ष २०७४ को तुलनामा २०७८ मा कुल विद्यार्थी संख्या ८.७७ प्रतिशतले घटेको छ । जसअनुसार सामुदायिक विद्यालयमा २०.३१ प्रतिशतले विद्यार्थी भर्ना घटेको पाइएको छ । यस्तै संस्थागत विद्यालयमा भने ४७.५५ प्रतिशतले विद्यार्थी भर्ना बढेको छ । धेरैजसो सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नहुँदा विद्यार्थी भर्ना निरन्तर ओरालो लागेको लाग्यै छ ।

**कहाँ हराए ६ लाख विद्यार्थी ?**

हालै प्रकाशित यो तथ्याङ्क अझ चिन्ताजनक देखिन्छ । शैक्षिक सत्र २०७१ मा कक्षा १ मा ११ लाख ३६ हजार विद्यार्थी भर्ना भएका थिए । उनीहरू यसपालि गत चैतमा सञ्चालित एसईईसम्म आइपुग्दा घटेर ५ लाख हाराहारीमा मात्र देखिए । १० वर्षअघि २०७१ सालमा कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये ४४ प्रतिशत मात्रै यसपालिको एसईईमा सहभागी भए । कक्षा १ देखि १० सम्म आइपुग्दा ६ लाख ३५ हजार अर्थात् ५६ प्रतिशत विद्यार्थीले बीचैमा कक्षा छाडेको पाइएको छ ।

यो तथ्यले सरकारको विद्यार्थी भर्ना अभियानको प्रभावकारिता नकारात्मक रहेको स्पष्ट पार्छ । सँगसँगै विद्यार्थीलाई विद्यालयमा टिकाउने सरकारको प्रतिबद्धता र गुणस्तरीय शिक्षाको नारामाथि समेत प्रश्न उठेको छ । सरकारको अर्को तथ्याङ्क अनुसार विद्यालय भर्ना भएकामध्ये करिब ३३ प्रतिशत विद्यार्थी मात्र १२ कक्षासम्म पुगेको देखाउँछ । बाँकी ६७ प्रतिशत विद्यार्थी बीचैमा हराएका छन् । बल्लबल्ल १२ सम्म पुगेका ३३ प्रतिशतमध्ये पनि ५२ प्रतिशत अनुत्तीर्ण भई उच्च शिक्षा अध्ययनबाट वञ्चित हुनुपरेको स्थिति छ । यो अत्यन्तै चिन्ताजनक अवस्था हो ।

**जम्मा १३ प्रतिशत मात्र विश्वविद्यालय तहमा**

उता विद्यालय तहमा भर्ना भएकामध्ये १३ प्रतिशतले मात्र विश्वविद्यालय तहमा प्रवेश पाएको सरकारी आँकडा छ । बाँकी बीचैमा छाड्ने, असफल हुने र विदेशतर्फ पलायन हुने प्रवृत्तिले हाम्रा विश्वविद्यालयहरू बन्द हुने अवस्थामा छन् । यसको जिम्मेवारी कसले लिने ? हाम्रा शिक्षालयहरू विद्यार्थी टिकाउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा किन निरन्तर असफल भइरहेका छन् ? उच्च शिक्षा अध्ययनप्रति विद्यार्थीको आकर्षण किन घटिरहेको छ ? अब सरकारले सूक्ष्म ढङ्गले समीक्षा गर्नुपर्ने देखिन्छ ।

**साक्षरता दर ७६.२ प्रतिशत ?**

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा ५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल २ करोड ६६ लाख ७५ हजार ९७५ जनसंख्यामा २ करोड ३ लाख ४१ हजार ६२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ । पुरुषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको ६९.४ प्रतिशत रहेको छ । सरकारले २०८५ सम्म सबै नागरिकलाई साक्षर बनाउने उद्देश्य राखेको छ । सो पूरा हुनका लागि विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई समेट्नु र स्कुल छाड्ने दरलाई न्यून पार्नु जरूरी देखिन्छ । यसप्रति सरकार र राजनीतिक दलहरू गम्भीर बन्नैपर्छ ।

**चुनावी नारा २० प्रतिशतको, बजेट ११ प्रतिशत**

नेपालका सबैजसो राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणापत्रमा शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिने कुरा उल्लेख गरेका छन् । ती दलहरूले आ-आफ्ना चुनावी घोषणापत्रमा शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत छुट्याउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । तर, तिनै दलहरूले पटक-पटक सरकार सञ्चालन गरिरहँदा भने शिक्षा क्षेत्रको औसत बजेट हालसम्म १२ प्रतिशतभन्दा बढ्न सकेको देखिँदैन । गत वर्ष मात्रै सरकारले आव २०८०-८१ मा शिक्षा क्षेत्रका लागि कुल बजेटको ११.२६ प्रतिशत बजेट मात्र विनियोजन गरेको थियो ।

हालसम्म कुनै पनि राजनीतिक दल नेतृत्वको सरकारले चुनावी घोषणापत्र अनुसार शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न सकेका छैनन् । उता विनियोजित बजेटको ८० प्रतिशतभन्दा बढी रकम तलब भत्तामै खर्च हुने गरेको तथ्यांक छ । यथेष्ट बजेट विनियोजन नहुँदा नै शिक्षा क्षेत्र सधैं पछाडि परेको यथार्थलाई सम्बन्धित निकायले अझै मनन् गर्न सकेको छैन ।

**खस्किंदो गुणस्तर**

अहिले देशैभर धेरैजसो सामुदायिक र अरू विद्यालयहरूको शैक्षिक गुणस्तर निरन्तर खस्कँदो अवस्थामा छ । भौतिक पूर्वाधारमा सबैजसो सामुदायिक विद्यालयहरूमा सुधार भए पनि धेरैजसो विद्यालयले शैक्षिक गुणस्तर सुधार्न सकेका छैनन् । राजनीतिक खिचातानी, चलखेल र हस्तक्षेप बढ्दो छ । ती विद्यालयहरूमा निरन्तर निरीक्षण र अनुगमन भइरहेको छैन ।

विद्यालयहरूमा एकातिर शिक्षक दर बन्दीको अभाव छ । योग्य र सक्षम जनशक्ति छैन । अर्कोतिर कतिपय तालिमप्राप्त शिक्षकहरूले समेत शिक्षण सिकाइ प्रक्रियालाई कक्षाकोठामा प्रयोग गरिरहेका छैनन् । फलस्वरूप ती विद्यालयहरूमा शिक्षण सिकाइ प्रभावकारी र परिणाममुखी बन्न सकेको छैन । यी सबै बेथितिलाई नसुधारेसम्म गुणस्तरीय शिक्षाको परिकल्पना सम्भव देखिँदैन ।

**जीवन र जगतसँग जोड्ने शिक्षा जरूरी**

नेपालको वर्तमान शिक्षा प्रणाली गुणस्तरयुक्त र जीवनमुखी बन्नुपर्नेमा फगत परम्परागत र प्रचारमुखी बनिरहेको छ । शिक्षालयहरू जीवनोपयोगी सीप सिकाउनुभन्दा बेरोजगार उत्पादन गर्ने केन्द्र जस्तै बनिरहेका छन् । स्नातक तह उत्तीर्ण गरिसक्दा समेत आफ्नो जीवनयापनका लागि आवश्यक सीप र क्षमताको विकास हुन नसक्दा शिक्षित व्यक्तिमा पनि शिक्षाप्रति वितृष्णा र नकारात्मक सोच पलाइरहेको छ ।

माध्यमिक शिक्षा पढिसकेपछि पनि आफ्नो देश र आफ्नालाई माया गर्नुपर्नेमा विदेश र अरूलाई प्यारो देख्ने प्रवृत्ति बढ्दो छ । शिक्षित व्यक्तिले समेत जीवनयापनको अवसर नपाउँदा विदेश पलायन हुने क्रम दिनानुदिन बढिरहेको छ । यसलाई रोक्नका लागि शिक्षालाई सार्थक रूपमा जीवन र जगतसँग जोड्ने युगान्तकारी पहल गरिनु अत्यावश्यक देखिन्छ ।

**शिक्षालय बेरोजगार उत्पादन गर्ने कारखाना नबनून्**

शिक्षा राष्ट्रनिर्माण गर्ने कालिगड उत्पादन गर्ने प्रक्रिया हो । शिक्षाले नै हरेक नागरिकलाई देशमा बन्ने नीति र तिनका असरबारे बुझ्न र आउने परिणामबारे आकलन गर्न सक्ने क्षमताको अभिवृद्धि गराउँछ ।

*(साभार: अनलाइनखबर)*

# सुन आयोगको प्रतिवेदन बुझ्दा जोसिएका गृहमन्त्री किन सेलाए ?

काठमाडौं/सुन आयोग भनेर चिनिने आयोगको प्रतिवेदन बुझ्ेका दिन गृहमन्त्री रवि लामिछानेको जोस बेग्लै थियो । १ चैतमा सुन तस्करी जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गरिसकेपछि गृहमन्त्री लामिछानेले भनेका थिए, 'मैले रिपोर्ट अध्ययन गरिसके, गम्भीर गल्ती देखिएको छ । यसबारे प्रधानमन्त्रीलाई पनि जानकारी गराइसकें । यो प्रकरण पुन: छानबिन गराउँछु । प्रत्येक दिन यसको रिपोर्टिङ लिएर अनुसन्धान र कारबाही प्रक्रिया अघि बढ्छ ।'



सर्वसाधारणले पनि उनको वाचालाई पत्याउन पुगे । किनभने प्रहरीले त्यसअघि गरेको अनुसन्धानमा गम्भीर त्रुटि देखिएको भन्दै संसदमा उच्चस्तरीय आयोगको माग भएको थियो । त्यसले दिएको निष्कर्ष कार्यान्वयन गरे पुग्नेवाला थियो । सोही बमोजिम लामिछानेले प्रतिवेदन अक्षरश: कार्यान्वयन गराउने बताएका थिए । उनको प्रतिबद्धतालाई पुष्टि गर्नेगरी मन्त्रिपरिषदले भोलिपल्टै २ चैतमा आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्‍यो ।

गृहमन्त्रालयमा फेरि आउने बित्तिकै लामिछानेले देखिने सुधार थालेको भन्दै वाहवाही सुरु भइहाल्यो । तर,आयोगको प्रतिवेदन बुझ्ेयता डेढ महिना बितिसक्यो । सुरूवाती क्रममा निकै हौसिँदै सुन काण्डका 'ठूला माछ' सम्म तानिने र पुन: अनुसन्धान हुने भन्दै उत्साहित बनेका गृहमन्त्री लामिछाने भने अहिले यो प्रकरणमा मौन छन् ।

प्रतिवेदन बुझ्दाताका जुन खालको आक्रामक सुरुवातको संकेत दिइएको थियो, अहिले भने यो प्रकरण बिस्तारै फासफुस हुने खतरा छ । लामिछानेले प्रतिवेदन बुझ्ने बित्तिकै बालुवाटार पुगेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भेटेका थिए । प्रधानमन्त्रीको सकारात्मक संकेत पाएलगत्तै आईजीपी बसन्तबहादुर कुँवरलाई मन्त्रालय बोलाएर एक्सनका लागि तयारी रहने निर्देशन समेत दिएका थिए । तर, त्यसयता पूर्वसभामुख तथा माओवादी नेता कृष्णबहादुर महरा समातिने बाहेक उल्लेख्य उपलब्धि छैन । महरासमेत हाजिरजमानीमा केही दिनपछि छुटिसकेका छन् ।

आयोगले मुद्दा चलाउन सिफारिस, निगरानीमा राख्नुपर्ने व्यक्ति, सोधपुछ गर्नुपर्ने व्यक्ति भनिएकाहरुको हकमा समेत कुनै प्रक्रिया अघि बढ्न सकेको छैन ।

कारबाहीका लागि भन्दै सिफारिसमा परेका केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का चार अधिकृतहरुमाथि पनि अहिलेसम्म कुनै कारबाहीको प्रक्रिया अघि बढेको छैन । बरु उल्टै उनीहरुले आयोगकै प्रतिवेदनलाई चुनौती दिँदै गृहमन्त्रीलाई नै सम्बोधन गर्दै निवेदन दिएका छन् ।

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको भन्सार पास भएर गत २ साउनमा बाहिरिएको ६० किलो भन्दा बढी सुन र विद्युतीय चुरोट भेपमार्फ भएको ९ किलो सुन तस्करीबारेको अनुसन्धान सीआईबी गरेको थियो । सुरुमा राजश्व अनुसन्धान विगभाले ६० किलो सुनको अनुसन्धान गरेको थियो ।

सीआईबीले अनुसन्धान टुंग्याउँदै २७ भदौमा जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो । सीआईबीले रेडी ट्रेडमार्फत तस्करी भएको सुनमा ५० जनालाई प्रतिवादी बनाउन सिफारिस गरेको थियो । रेडी ट्रेडमार्फत ३६० किलो ७७८ ग्राम सुन तस्करी भएको निष्कर्षका साथ ३ अर्ब ५० करोड, २ लाख १६ हजार ५५२ रुपैयाँ विगो कायम गर्दै मुद्दा दायर भएको थियो ।

२ साउनको राति त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बाहिरिएको ६० किलो ७०० ग्राम सुन बरामद भएपछि नेकपा एमालेले यसको छानबिनका लागि उच्चस्तरको आयोग गठनको माग गरेको थियो । एमालेसँग स्वर मिलाउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेले समेत आयोग गठन गरिनुपर्ने बताएका थिए ।

दलीय सहमतिका आधारमा सरकारले १४ असोजमा उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआईजी) सहकुलबहादुर थापा, अर्थ मन्त्रालयका पूर्वसहसचिव किशोरजंग कार्की र गृहमन्त्रालयका पूर्वसहसचिव प्रेमराज जोशी सदस्य रहने गरी आयोग गठन गरेको थियो ।

आयोगको प्रतिवेदन बुझ्ेपछि कारबाहीमा सिफारिस भएका देखि नाम उल्लेख भएका हरेक व्यक्तिमाथि अनुसन्धान गर्ने लामिछानेले बताए पनि अवस्था १ चैतको भन्दा केही फरक छैन ।

रविका सचिवालयमा कार्यरत रहेका रास्वपाका सहकोषाध्यक्ष समेत रहेका दीपक बोहराले जीवन चलाउनेलाई चलाउने चाहिँ को होला ? प्रतिक्षा गर्नुहोस् भन्दै सामाजिक सञ्जालमा उल्लेख गरेको पनि करिब डेढ महिना बितिसकेको छ । न चलाउने पक्राउ परेका छन् उनलाई चलाउने व्यक्तिको पहिचान हुन सकेको छ । सामाजिक सञ्जाल र मिडियामा खपत हुनका लागि 'चर्को स्टण्ट' गरेको आरोपलाई यी तथ्यहरुले थप पुष्टि गरेका छन् ।

आयोगको प्रतिवेदन सार्वजनिक गरिनु माग उठिरहेका बेला कारबाही सिफारिस भएका तथा निगरानी गर्नुपर्ने भनेर नामै तोकिएका व्यक्तिले समेत अहिलेसम्म औपचारिक रुपमा प्रतिवेदन अध्ययन गर्न पाएका छैनन् । 'हामीलाई कारबाही भनेर भनियो तर के आधारमा कारबाही भन्ने अहिलेसम्म औपचारिक रुपमा प्रतिवेदन पढ्न पाएको छैन' कारबाही सिफारिसमा परेका एक प्रहरी अधिकारीले भने ।

सुन तस्करी प्रकरणमा नाम जोडिएपछि पूर्वआईजी सर्वेन्द्र खनालले त पत्रकार नै सम्मलेन गरेर प्रतिवेदन सार्वजनिक गर्न माग गरेका थिए । तर अहिलेसम्म न प्रतिवेदन सार्वजनिक हुन सकेको छ न आक्रमक रुपमा कारबाही प्रक्रिया अघि बढेको छ ।

यो पटकमात्रै होइन यसअघि पनि बनेका सुन जाँचबुझ आयोग र छानबिन समितिहरुका प्रतिवेदन ताका पनि सुरुमा हल्लाखल्ला हुने र प्रतिवेदन नै सार्वजनिक नगरी कारबाही बिनै गुमनाम पारिने गरेका छन् । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट साढे ३३ किलो सुन तस्करी भएपछि गृहका तत्कालीन सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा २० चैत २०७४ मा ९ सदस्यीय छानबिन समिति बनाइएको थियो ।

समितिको प्रतिवेदन बुझ्ेपछि तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलले ठूला माछा पनि कारबाहीको दायरामा आउने बताएका थिए । तर प्रतिवेदन कार्यान्वयन गर्नुको साटो अहिलेसम्म गुपचुप नै राखिएको छ । यसअघि २२ वैशाख २०५५ मा विमानस्थलबाटै सुन तस्करी भएको खुलेपछि जनमोर्चाका तत्कालीन सांसद परी थापाको संयोजकत्वमा आयोग गठन गरेर छानबिन गरिएको थियो । अहिलेसम्म उक्त आयोगको प्रतिवेदन सार्वजनिक हुन सकेको छैन ।

प्रतिवेदन बुझ्ेपछि ठूलै उपलब्धी जिते जसरी प्रचारबाजी गर्ने र कार्यान्वयन नगर्ने पुरानै परिपाटी रहेको पूर्वएआईजी देवेन्द्र सुवेदी बताउँछन् । 'वर्षमा ५ वटा सिजन हुन्छन्, वर्खामा खहरे बाढी आउने दसैंको सिजन लागेपछि सुक्ने हो तेस्तै देखिन्छ । प्रतिवेदन बुझ्ेका बेला ठूलै हल्ला हुन्छ अनि बिस्तारै सेलाउँछ । न कार्यान्वयन हुन्छ न सार्वजनिक हुन्छ' पूर्वएआईजी सुवेदीले भने । रकम हुनेले नै सुनमा लगानी गर्ने र उनीहरुको सोझै शक्तिकेन्द्रसँग पहुँच भएपछि आयोगका प्रतिवेदनहरु दराजमै थन्किने गरेको उनको बुझाई छ । 'अहिले कै कनेक्सन तपाई हेर्नुहुन्छ भने तस्करीमा चिनियाँ भनिएको छ । चिनियाँको कनेक्सन खोज्दा तत्कालीन उपराष्ट्रपति (नन्दकिशोर पुन) सम्म पुगेको देखिन्छ । अनि यस्तो प्रतिवेदन पूर्ण कार्यान्वयन हुन्छ भनेर तपाई पत्याउनुहुन्छ ?' पूर्वएआईजी सुवेदीले प्रतिप्रश्न गरे ।

### "प्रतिवेदनमा उल्लेख भएका विषयबारे अनुसन्धान जारी छ"

सुन तस्करीबारे पुन छानबिन गराउँछु भनेका लामिछानेले आयोगको प्रतिवेदन सीआईबीलाई समेत बुझाएका थिए । सीआईबीका एआईजी श्यामलाल ज्ञवालीले ४ चैतमा प्रतिवेदन बुझ्ेका थिए । उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरुबारे अनुसन्धान भइरहेको दाबी सीआईबीका एआईजी ज्ञवालीको छ । 'प्रतिवेदनमा उल्लेख भएका विषयहरुमाथि हामीले अनुसन्धान गरिरहेका छौं । अनुसन्धानमै रहेका विषयहरु यो गर्‍यौं भनेर सार्वजनिक गर्न मिल्ने कुरा भएन' एआईजी ज्ञवालीले भने ।

प्रतिवेदनमा मुद्दा चलाउन सिफारिस गरिएका माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरालाई ५ चैतमा कपिलवस्तुबाट पक्राउ गरी काठमाडौं ल्याइएको थियो । स्वास्थ्य अवस्थाको कारण देखाउँदै महरालाई ९ चैतमा सीआईबीले छाडेको थियो ।

त्यसैगरी बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा माओवादी केन्द्रकै विद्यार्थी संगठन अखिल क्रान्तिकारीका महासचिव एवं पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुन २ चैतमा काठमाडौंबाट पक्राउ परेका थिए ।

सहकारी ठगी प्रकरणमा चार लाख धरौटीमा रिहा गर्न रुपन्देही जिल्ला अदालतले आदेश दिए पनि धरौटी नबुझाएका कारण पुन अहिले कारागारमै छन् । उनै पुनमाथि अनुसन्धान तथा सोधपुछ गर्नुपर्ने देखिएकाले पठाउन भन्दै सीआईबीले रुपन्देही प्रहरीलाई पत्राचार समेत गरेको छ ।

यही बीचमा सुन तस्करीका मुख्य नाइके भनिएका अछामका जीवन चलाउनेविरुद्ध डिफ्युजन नोटिस जारी भएको छ । सीआईबीको अनुरोधमा आईजी प्रमुख रहेको नेसनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौंले प्रहरीको अन्तराष्ट्रिय संगठनमा चलाउनेविरुद्ध नोटिस जारी गर्न यसअघि नै पत्राचार गरेको थियो । एनसीबी काठमाडौंको पत्राचार पश्चात इन्टरपोलले चलाउनेविरुद्ध नोटिस जारी गरेको छ ।

चलाउने पक्राउ परि हालेमा पनि धेरै कुरा खुल्नेमा सीआईबीले आशंका गरेको छ । अहिलेसम्म फरार रहेका चलाउनले सबै प्रमाण मेटाइसकेको हुनसक्ने भएकाले उनी पक्राउ परे पनि नयाँ तथ्य फेला पर्ने सम्भावना न्यून छ ।

### कहाँ पुग्यो प्रहरीमाथिको कारबाही ?

जिम्मेवारी राम्रोसँग निर्वाह नगरेको, बयान लिएका व्यक्तिलाई समेत भगाएको, अभियुक्तसँग निरन्तर सम्पर्कमा रहेको आरोप लगाउँदै आयोगले सीआईबीका चार प्रहरी अधिकृतहरु (एआईजी किरण बज्रचार्य, एसपी सञ्जयसिंह थापा, डीएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाल) लाई विभागीय कारबाहीका लागि सिफारिस गरेको थियो ।

आयोगको सिफरिसपछि २ चैतमा उनीहरु चारै जनालाई हेडक्वाटर तानिएको थियो । उनीहरुमाथि कारबाही लागि भन्दै गृहको कानुन महाशाखाका सहसचिव भरतमणि रिजालको नेतृत्वमा डीआईजी भीमप्रसाद ढकाल र गृह प्रहरी प्रशासन शाखाका उपसचिव रामबहादुर शाही सदस्य रहेको समिति बनाएको थियो । तर, अहिलेसम्म समितिले कसलाई के कारबाही गर्ने भनेर टुंगो लगाएको छैन । प्रतिवेदन अध्ययन भइरहेको र कसलाई कुन कारबाही सिफारिस गर्ने भनेर अध्ययन भइरहेको समितिका संयोजक रिजालले बताए । 'कसको भूमिका के देखिएको छ । र कस्तो कारबाही हुनुपर्छ भन्ने अध्ययन भइरहेको छ । भूमिका अनुसारको प्रहरी नियमावलीमा उल्लेख भएको विभागीय कारबाहीको दफा मिलान गरेर हामीले पठाउने हो' संयोजक रिजालले संचारकर्मीसँग भने ।

यता कारबाही सिफारिसमा परेका प्रहरीले समेत झुटो प्रमाण पेश गरिएको दाबी गर्दै आएका छन् । पक्राउ नै नपरेका व्यक्तिलाई पक्राउ गरेर छाडिएको भन्दै झुटो आरोप लगाइएको उनीहरुको दाबी छ । फरार अभियुक्त चलाउने र डीएसपी कुवँरबीच १६ पुस २०७९ देखि २५ भदौ २०८० सम्म २ हजार ४१० पटक फोन सम्पर्क भएको आयोगले उल्लेख गरेको थियो । तर, चलाउनेसँग आफूले उक्त अवधिमा जम्मा ८२ पटकमात्रै फोन सम्पर्क गरेको दाबी गर्दै झुटो विवरण राखेर फसाउन खोजिएको भन्दै गृहमन्त्री लामिछानेलाई नै सम्बोधन गरेर निवेदन समेत दिएका छन् । एकै ठाउँका बासिन्दा भएको पुरानो चिनजान भएकाले फोन सम्पर्क भएको कुँवरले संचारकर्मीलाई बताए ।

झुटो प्रमाण भन्दै निवेदन दिए पनि कारबाही प्रक्रिया भने नरोकिने समितिले जनाएको छ । 'कसले के उजुरी दियो हामीसँग सम्बन्धित छैन । हाम्रो टिओर (कार्यक्षेत्र) भनेको विभागीय कारबाही गर्दा कसलाई के कारबाही गर्ने, कुन दफा अनुसारको कारबाही हुने भन्ने मात्रै हेर्ने हो । सोही अनुसार हामीले प्रतिवेदन तयार पारेर बुझाउँछौं' संयोजक रिजालले भने ।

समितिले अहिलेसम्म कारबाही सिफारिसमा परेका प्रहरी अधिकृतहरुमाथि कुनै सोधपुछ गरेको छैन । उनीहरुसँग सोधपुछ आफ्नो जिम्मेवारी मै नरहेको समितिले जनाएको छ । समितिले विभागीय कारबाहीका लागि सिफारिस गरेपछि प्रहरी प्रधान कार्यालयको कानून शाखाले उक्त कारबाही प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । तर आफूहरुमाथि झुटो प्रमाण राखेर कारबाही गर्न लागिएको भन्दै प्रहरी अधिकारीहरु भने अदालतसम्म जाने बताउँदै आएका छन् ।

अधिकार सम्पन्न आयोगको प्रतिवेदनमाथि प्रश्न उठाएर निवेदन दिने बित्तिकै कारबाही रोकिने गृह मन्त्रालय स्रोतले बताएको छ । 'आयोगको कामविरुद्ध चित्त नबुझे जाने भनेको अदालत नै हो । तर निवेदन पर्‍यो भन्दै कारबाही रोकिने अवस्था हुँदैन' गृहमन्त्री लामिछानेको सचिवालयका एक सदस्यले भने ।

*(स्रोत: अनलाइनखबर)*

# ५ हजारलाई स्वरोजगार बनाउन सिप सिकाउँदै महानगर

काठमाडौं/काठमाडौं महानगरपालिकाले १५ हजार जनालाई रोजगारी दिने गरी घोषणा गरेको 'रोजगारी र आयवृद्धि काठमाडौंको समृद्धि' कार्यक्रम कार्यान्वयन गर्ने भएको छ । महानगरले चालु आर्थिक वर्ष २०८०/८१ मा ल्याएको १० वटा गौरवका योजनामध्ये एक यो कार्यक्रम सुरुवात १९ वैशाख श्रमिक दिवसका दिन सिप मेला गरेर सुरु गर्न लागेको हो ।

सोही दिन महानगरले ३२ वटै वडालाई पत्राचार गर्दै बढीभन्दा बढी युवा सहभागी गराउन भनेको छ । महानगरले १९ वैशाखमा राजधानीको टुँडिखेलमा आयोजना गर्ने एक महिने 'सिप मेला' (छोटो अवधिको व्यावसायिक सिप प्रशिक्षण) का लागि नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ (एफपीटीईएन) सँग सहकार्य गर्ने छ ।

सिप मेलाबाट १० क्षेत्रका ३६ पेसासम्बन्धी २ हजार ८१ जनालाई तालिम दिने लक्ष्य महानगरले राखेको छ । रोजगार संयोजक देवेन्द्र केसीका अनुसार महानगरले ३ हजार भन्दा धेरैलाई तालिम दिइसकेको छ ।

'अहिले पनि विभिन्न विधामा तालिम भइरहेको छ । ३ हजार जतिले तालिम लिइसकेका छन्,' केसीले संचारकर्मीसँग भने, '४ हजार जनाको तालिम जारी छ ।' मेला भने नमुनाका रूपमा हुने उनले बताए । '२ हजार ८१ जनालाई मे १ देखि ३० सम्म हुने मेला चाहिँ छोटो अवधिको व्यावसायिक सिप प्रशिक्षण हो । टुँडिखेलमै तालिम दिने, यहीं रोजगारदाता बोलाउने र तालिम प्राप्त जनशक्तिलाई रोजगारीका लागि पहल गर्ने मेलाको उद्देश्य हो,' केसीले भने ।

उनले डिजिटल मार्केटिङ, सफ्टवेयर डेभलपमेन्ट, ब्युटिसियन, एकाउन्टिङ लगायत तालिम भइरहेका बताए । 'प्रत्येक वर्ष १५ हजार जनालाई रोजगारमूलक तालिम दिएर ५ हजारलाई प्रत्यक्ष रोजगार तथा स्वरोजगार बनाउने लक्ष्य सहित कार्यक्रम कार्यान्वयनमा आएको हो,' उनले भने, 'त्यहीअन्तर्गत एउटा कार्यक्रम मेला हो । अन्य स्थानको तालिम नियमित नै भइरहेको हुन्छ ।'

### कुन-कुन क्षेत्रका कसले पाउँछन् तालिम ?

तालिमका लागि १० क्षेत्र निर्धारण गरिएका छन् । रोजगार संयोजक केसीका अनुसार यी क्षेत्रभित्र ३६ प्रकारका पेसागत तालिम हुँदैछ । मागका आधारमा थप क्षेत्र र पेसा थप गर्ने महानगरपालिकाको योजना छ । तालिमका क्षेत्रमध्ये हलुका सवारीसाधन अन्तर्गत अटो इलेक्ट्रिक, अटो डेन्टपेन्ट, अटो एयर कन्डिसन प्रशिक्षण राखिएका छन् । विद्युतीय सवारीसाधनमा मोटरबाइक र स्कुटर मर्मत, इलेक्ट्रिकल कार मर्मत तालिम हुनेछन् ।

यस्तै निर्माण क्षेत्रमा सिकर्मी, टाइल एन्ड मार्बल फिटर र इलेक्ट्रिसियन तालिम हुनेछन् । यस्तै प्लम्बिङमा वाटर प्युरिफिकेसन टेक्निसियन, सोलार फिटिङ टेक्निसियन, बोरिङ वाटर टेक्निसियन, एल्मुनियम फेब्रिकेटर, वेल्डिङ तालिम समावेश छन् ।

हस्पिटालिटी एन्ड म्यानेजमेन्ट विधा तेस्रो हो । यसमा बारिस्टा, चाइनिज, इन्डियन र कन्टिनेन्टल फुड, बेकरी र बार टेन्डरको प्रशिक्षण हुनेछ । सूचना प्रविधि चौथो क्षेत्र हो । यसमा डिजिटल मार्केटिङ, ग्राफिक्स डिजाइनिङ, कम्प्युटर हार्डवेयर एन्ड नेटवर्किङ, सीसीटिभी क्यामरा जडान तथा मर्मत, मोबाइल रिपेयरिङ तालिम हुनेछ । त्यस्तै मेकानिकलमा रेफ्रिजिरेटर र एसी टेक्निसियन तालिम हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ' पोस्टरमा यस्ता देखिए दयाहाङ र मिरुना

काठमाडौं/मगर समुदायको संस्कृति र संस्कारमा आधारित भएर बनेको फिल्म 'घर ज्वाइँ'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ ।

दुईवटा पोस्टरमध्ये एउटामा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर बोराको भारी बोकेर हर्षित भावमा प्रस्तुत छन् । यसले उनीहरुको ग्रामीण जीवनको संघर्षलाई दर्शाउँछ । पोस्टरको पृष्ठभूमिमा दुर्गम ग्रामीण परिवेश देख्न सकिन्छ ।

दोस्रो पोस्टर भने परम्परागत शैलीमा तयार छ । अर्थात् फिल्मका मुख्य कलाकारहरुलाई अटाइएको छ । दयाहाङ र मिरुनासहित शिशिर वाङ्देल, बुद्धि तामाङ, पुष्कर गुरुङ, कविता आलेको मनोदशा पोस्टरमा झल्किन्छ । निर्देशक अनिल बुढा मगरले मगर समुदायको संस्कृति र सभ्यतालाई अपनत्व गर्दै सामाजिक दृष्टिकोण जोगाएको 'ज्वाइँ'हरुमा फिल्म समर्पित रहेको बताएका छन् ।




पूर्वी रुकुमको तकसेरा क्षेत्रमा छायांकन भएको 'घरज्वाइँ'मा निर्देशक मगर स्वयंको कथा छ भने पटकथा तथा संवाद लेखन विनोद खतिवडा र सुभाष कोइरालाको हो । जिएम मुभिज र एबिएम सिनेमा प्रोडक्सनले मिलेर निर्माण गरेको फिल्ममा सुसन प्रजापतिको छायांकन तथा कृष्ण भण्डारीको सम्पादन छ । फिल्मका गीतमा हर्क साउद र मनोज थापाको शब्द रचना तथा संगीत रहेको छ ।

फिल्ममा भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले, अनु थापा, सुनिल मगर, विवेश बुढा मगर, विना थापा मगर, सोनाम लामा लगायतको पनि अभिनय छ ।

आगामी असार २८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टले खरिद गरिसकेको छ । नेपालमा भने आरआर फिल्म्सले 'घरज्वाइँ'को वितरण गर्नेछ ।

# 'सतीदेवी'ले मलिकालाई दिएको खुसी

काठमाडौं/अभिनेत्री मलिका महतले फिल्मी करिअर सुरु गरेको जम्माजम्मी पाँच वर्ष पुगेको छ । फिल्म 'यात्रा' (२०७५)बाट उनको अभिनय यात्रा सुरु भएको थियो । यसपछि उनले 'पानीफोटो' र 'अगस्त्य'मा काम गरिन् । यी तीनवटै फिल्म व्यावसायिक रुपमा सफल हुन नसके पनि मलिकाको अभिनयमा परिपक्वता देखिएको थियो । अब उनी अभिनीत चौंथो फिल्म 'सतीदेवी' प्रदर्शनको पखाईमा छ ।




गत वर्ष फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको थियो, जहाँ मलिका जुत्ताको माला र कालोमोसो दलेको अवस्थामा चित्रित थिइन् । यसपछि फिल्मको चर्चा उत्कर्षमा पुग्यो । तर, प्रदर्शन मिति अझै घोषणा भइसकेको छैन । यद्यपि, विभिन्न फेस्टिभलहरुमा 'सतीदेवी'ले महत्वपूर्ण विधामा अवार्ड जितिरहेको छ । र, मलिकाले पनि यही फिल्मबाट पहिलोपटक अवार्ड घर भित्राएकी छन् ।

यही बैशाख ६ गतेदेखि ८ गतेसम्म रामेछाप जिल्लामा आयोजना भएको नेपाल ग्रामीण चलचित्र महोत्सव (नेरुफ्फ)मा उनले उत्कृष्ट अभिनेत्रीको जुरी मेन्सन अवार्ड प्राप्त गरेकी हुन् । व्यस्तताले गर्दा महोत्सवमा सहभागी नपाएकी उनलाई फिल्मका निर्देशक तथा लेखक लक्ष्मण सुवेदीले यही सोमबार अवार्ड हस्तान्तरण गरे । पहिलोपटक अवार्ड जित्दा उनमा बेग्लै खुसीको भाव देखिएको छ ।

मलिकाले अवार्ड उचालेको तस्वीर फेसबुकमा सेअर गर्दै लेखेकी छन्, 'एक्टिङ करिअरमा मलाई यो अवार्डले अत्यन्त धेरै हौसला, प्रेरणा र उर्जा थपेको महसुस गरेकी छु ।' फिल्मको शीर्ष भूमिकामा आफूलाई चयन गरेर मिहिनेत र स्वतन्त्रताका साथ अभिनय गराएकोमा उनले निर्देशक सुवेदीप्रति आभार व्यक्त गरेकी छन् । 'सतीदेवी' मलिकाको करिअरका लागि महत्त्वपूर्ण मानिएको छ ।

# नेपाली राजनीतिक फिल्ममा 'मेयर' टर्निङ पोइन्ट हुन्छ : दीपेन्द्र

काठमाडौं/निर्देशक दीपेन्द्र के. खनालले पहिलोपटक राजनीतिक विषयमा बनाएको फिल्म हो, 'मेयर' । उनले गत साता फिल्मको छायांकन सकाएका छन् । सर्लाही जिल्लास्थित बागमती नगर पालिकाका प्रमुख भरत कुमार थापाको जीवन संघर्षमा आधारित भएर बनेको फिल्मका धेरैजसो दृश्य ठूलो 'क्राउड' राखेर खिचिएको थियो । क्लाइमेक्स खिच्नका लागि मात्र ११ हजार मान्छे उतारिएको थियो ।




दीपेन्द्र 'मेयर' आफ्ना लागि विशेष रहेको बताउँछन् । सोचेको भन्दा पनि सहजसँग फिल्मको छायांकन गरेको उनको अनुभव छ । राजनीतिक फिल्ममा एक/दुई दर्जन मानिस जम्मा गर्न पनि कठीन हुने गरेको अवस्थामा 'मेयर'मा आफूले त्यो झेल्नु नपरेको उनले बताए । राजनीतिक विषयमा बनेका नेपाली फिल्महरुमध्ये पहिलोपटक 'मेयर'मा सबैभन्दा ठूलो 'क्राउड' देखिने उनको दाबी छ ।

उनी भन्छन्, 'राजनीतिक फिल्ममा यतिधेरै 'क्राउड' पहिलोपटक देखिनेछ । बागमती नगरपालिका र स्थानीयको सहयोगले गर्दा यो सम्भव भयो । यसले फिल्मको प्रोडक्सनलाई 'रिच' बनाएको छ । त्यसको सकारात्मक प्रभाव फिल्ममा देखिनेछ । यसले फिल्मलाई भव्य र विश्वसनीय पनि बनाएको छ ।' 'मेयर'ले राजनीतिक फिल्म कस्तो हुन्छ भन्ने असली स्वाद दिने निर्देशक खनाल बताउँछन् ।

उनलाई नेपाली राजनीतिक फिल्मको इतिहासमा 'मेयर' टर्निङ पोइन्ट बन्छ भन्ने पूर्ण विश्वास छ । 'मैले बनाएको भनेर दाबी गरेको होइन । यो नेपाली राजनीतिक फिल्मको इतिहासमा टर्निङ पोइन्ट हुनेछ,' उनले भने ।

ठूलो मास हुँदा राजनीतिक फिल्मको रंग नै अर्कै हुने उनको अनुभव छ । 'मेयर'ले तराई क्षेत्रमा नेपाली फिल्मको बजार विस्तारमा समेत ठूलो सहयोग गर्ने उनको विश्वास छ ।

फिल्ममा अभिनेता खगेन्द्र लामिछानेले मेयर थापाको भूमिका निभाएका छन् । उनको श्रीमतीको भूमिकामा अभिनेत्री वर्षा राउतले अभिनय गरेकी छन् । यसमा प्रकाश घिमिरे, हरिहर शर्मा, रमेश बुढाथोकी, अनुप बराल, अर्पण थापा, दिव्यदेव पन्त, रवीन्द्र झा, आशान्त शर्मा, ऋचा शर्मा, अर्विशा थापा लगायतको पनि अभिनय छ । यो फिल्मलाई यसै वर्ष प्रदर्शनको योजनामा दीपेन्द्र छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# विकट राक्सिराङमा घरदैलोमै सेवा प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/सबै किसिमका सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यका साथ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले गाउँटोलमै पुगी एकीकृत सेवा प्रदान गर्न सुरु गरेको छ । गाउँपालिकाले घरघरमै पुगी बिरामी जाँच, स्वस्थ्य, कृषि तथा अन्य सेवा सुरु गरेपछि गाउँबासी दंग बनेका छन् ।

'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराकासाथ गत आर्थिक वर्षदेखि सुरु गरेको गाउँपालिकाले गाउँटोलमै पुगी एकीकृत सेवा दिने कार्यक्रमलाई निरन्तरता दिएको हो । कार्यक्रमको निरन्तरताको क्रममा गाउँपालिकाले सोमबारबाट विभिन्न वडालाई समेटेर एकीकृत सेवा सुरु गरेको हो । गाउँपालिकाको १, २ र ३ नम्बर वडालाई समेटेर सोमबार राक्सिराङ-२ को कुँडुलेमा एकीकृत घुम्ती शिविरको आयोजना गरिएको थियो ।




शिविरमा सहकारी जागरण कार्यक्रमअन्तर्गत सहकारी सेवा पहुँच र उपभोग प्रवर्द्धन कार्यक्रम, कृषि विकास कार्यक्रमअन्तर्गत मिनी ट्रिलर, कम्वाइन मिल, टनेल प्लाष्टिक लगायत सामग्री वितरण, पशुसेवा कार्यक्रमअन्तर्गत पशु औषधि तथा घाँसको बीउ वितरण, सामान्य स्वास्थ्य परीक्षण, निशुल्क औषधि वितरण र अपाङ्गता जाँच र परिचयपत्र वितरण गरिएको थियो ।

ज्येष्ठनागरिक तथा अशक्त तथा हिँड्न नसक्ने बिरामीको घरघरमै पुगी स्वास्थ्य जाँच र नि:शुल्क औषधिको समेत व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । अर्को वर्षदेखि एकीकृत सेवा प्रदान कार्यक्रमलाई प्रत्येक वडामा पुऱ्याइने र अझ व्यवस्थित तरिकाले सेवा प्रदान गर्ने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष मल्लले जानकारी दिए । एकीकृत शिविरअन्तर्गत वैशाख १४ गते राक्सिराङ-६ को काँकडा स्वास्थ्यचौकी र जुरेथुम प्राविमा निर्धारण गरिएको छ भने वैशाख १८ गते राक्सिराङ-४ को वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा दिइनेछ । त्यसैगरी वैशाख २१ गते राक्सिराङ-९ को कालिका मावि, अठारेलाई केन्द्र बनाई एकीकृत शिविर गर्ने कार्यक्रम तय भएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए ।

एकीकृत घुम्ती शिविर उद्घाटनमा बोल्दै गाउँपालिकाका अध्यक्ष मल्लले विकट गाउँका बासिन्दालाई घरटोलमै सेवा दिई जनमुखी काममा आफूहरु क्रियाशील रहेको बताए । एकीकृत शिविरमा ३ सय ११ जनाको सामान्य उपचार गरिएको थियो भने २२ जना गम्भीर बिरामीलाई विशेष उपचार गरिएको थियो । त्यस्तै ३ सय ६ जनालाई नि:शुल्क औषधि वितरण गरिएको स्वास्थ्य शाखाले बताएको छ । त्यस्तै कृषितर्फ २९० जनालाई तरकारीको बीउ वितरण गरिएको थियो ।

त्यस्तै पशुसेवातर्फ २३० जनालाई घाँसको बीउ वितरण गरिएको थियो भने २५१ जना किसानलाई पशुपंक्षीका विभिन्न रोगविरुद्धका औषधि नि:शुल्क वितरण गरिएको थियो । शिविरमा ११ जनाको अपाङ्गता परीक्षणको लागि निवेदन संकलन गरिएको थियो भने ३ जना अपाङ्गलाई ह्वीलचियर र वैशाखी जस्ता सहायक सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । १० जना ज्येष्ठ नागरिकलाई घर घरमै पुगी फलफूल, पौष्टिक आहार सहित सम्मानसमेत गरिएको थियो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिकाका अध्यक्ष मल्ल, उपाध्यक्ष वनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत गर्तौला, १ नम्बर वडाध्यक्ष बाबिराम मुक्तान, २ नम्बर वडाध्यक्ष वुद्धराम मुक्तान, ३ नम्बर वडाध्यक्ष उत्तम वाइबा लगायतको सहभागिता रहेको थियो ।

# ५ घण्टा मात्रै बसेको हिउँदे अधिवेशन अन्त्य

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ बागमती प्रदेश सरकारले प्रदेश सभाको दोस्रो कार्यकालको देस्रो अर्थात् हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । बुधवार बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन अन्त्यका लागि प्रदेशप्रमुख यादवचन्द्र शर्मासमक्ष सिफारिस गर्ने निर्णय गरेको र प्रदेशप्रमुख शर्माले बुधवार साँझ नै अधिवेशन अन्त्य भएको घोषणा गरेका छन् ।



प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुख शर्माले अधिवेशन अन्त्यको घोषणा गर्ने संवैधानिक व्यवस्था रहेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको तयारीमा रहेकाले सरकारले हिउँदे अधिवेशन अन्त्य गरेर जेठबाट प्रि-बजेट छलफल सुरु गर्दैछ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले पूर्वबजेट छलफल अगाडि बढाइसकेको छ । जेठमा बजेट अधिवेशन बोलाउने तयारी सरकारले गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जानकारी दिएको छ । १५ फागुन २०८० बाट हिउँदे अधिवेशन सुरु भएको थियो । ९ जेठ २०८० मा बजेट अधिवेशन बोलाएर चालू आर्थिक वर्ष २०८०/८१ को बजेट २२ असारमा पास गरिएको थियो । त्यसपछि १८ भदौमा बोलाइएको बैठक बस्दै नबसी स्थगित भएको थियो । त्यसपछि २४ र ३० भदौ, १४, १५, २१ असोजमा बसेपछि प्रदेशसभा ठप्प बनेको थियो ।

**५ दिनमा ५ घण्टा मात्रै बैठक**

हिउँदे अधिवेशनमा बैठक बसेको दिन पाँच र पाँच दिनमा ५ घण्टा ११ मिनेट मात्रै बैठक चलेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

५७ दिनको अधिवेशन अवधिमा ६ वटा मात्रै बैठक बसेको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए । उनकाअुनसार अधिवेशनभर शून्य समय भएन भने विशेष समय एउटा चलेको थियो । विधेयक अधिवेशनको रुपमा चिनिने हिउँदे अधिवेशनबाट हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएर उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइएको प्रदेशसभा सचिवालयका प्रवक्ता गुप्ताले बताए ।

हिउँदे अधिवेशनको १५ फागुनमा बसेको पहिलो बैठक प्रदेशका पूर्वभूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्री स्वर्गीय बलराम पौडेलको शोक प्रस्ताव पारित गरेर स्थगित भएको थियो । १७ फागुनमा बसेको दोस्रो बैठकले बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन, १७ फागुनमै बसेको तेस्रो बैठकमा हस्तकलाग्राम विधेयक पेश तथा विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो ।

२९ फागुनमा बसेको अधिवेशनको चौथो प्रदेशसभा बैठकमा विशेष समितिको प्रतिवेदन पेश, ३० फागुनमा भएको पाँचौं बैठकले प्रतिवेदनमाथि छलफल र पारित गरेको थियो । १९ चैतमा भएको हिउँदे अधिवेशनको अन्तिम तथा छैठौं बैठकबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रोपटक विश्वासको मत लिएका थिए । १०८ जना सांसद उपस्थित बैठकमा जम्कट्टेललाई पक्षमा ५६ जना, विपक्षमा ३७ जनाले मत दिए भने १५ जना तटस्थ बसे ।

# 'शिक्षक बैंक' स्थापना गर्दै बागमती गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ मकवानपुरको बागमती गाँउपालिकाले शिक्षक बैंक स्थापना गर्ने भएको छ । पालिकास्तरीय शिक्षा समितिको गत १७ चैतमा भएको निर्णयअनुसार 'शिक्षक बैंक ब्यवस्थापन कार्यबिधि, २०८०' बमोजिम शिक्षक बैंक स्थापना गर्ने भएको हो ।



शिक्षक बैंकअन्तर्गत 'शिक्षक प्रतिक्षा सूचि' रहनेछ । पालिकाअन्तर्गत रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक लामो समय विदामा बस्दा विदाअवधिभर प्रतीक्षा सूचिमा सूचिकृत शिक्षकलाई खटाईने जनाईएको छ । शिक्षक लामो समय विदामा बस्दा नियमित पठन-पाठनमा पर्ने प्रतिकूल असर लाई व्यवस्थित गरी पठन-पाठन कार्यलाई नियमितता प्रदान गर्ने उद्देश्यका साथ शिक्षक बैंक स्थापना गर्नुपर्ने भएको सूचनामा उल्लेख गरिएको छ ।

सामुदायिक विद्यालयका शिक्षकले शिक्षा ऐन तथा नियमावली बमोजिम पाउने विविध प्रकारका बिदा कुनै न कुनै बेला उपयोग गर्छन् । कतिपय विद्यालयमा रिक्त अस्थायी दरबन्दी रहेको अवस्था पनि छ । यो अवस्थामा शिक्षक बैंकले दैनिक शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिने र नवशिक्षकलाई थप शिक्षणको तयारीसँगै आर्थिकरुपमा पनि टेवा पुग्ने सामाजिक विकास शाखा संयोजक कमानसिं पाख्रिनले बताए ।

सूचनामा बालविकास केन्द्र सहजकर्ता, प्रावि, निमावि र मावि तहका लागि दरखास्त आह्वान गरिएको छ । बालविकास र गापा अनुदानका लागि स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य गरिएको छैन । अस्थायी र करारको लागि भने ऐन तथा नियमानुसार सिफारिस हुने जनाइएको छ । निमावि र मावि तहको लागि विषयगत शिक्षक माग गरिएको छ । जसमा अंग्रेजी, गणित, विज्ञान र कम्प्युटरका लागि बिषयगत रुपमा दरखास्त दिन सकिनेछ । शिक्षक बैंकअन्तर्गत रहने शिक्षक प्रतीक्षा सूचिमा सूचिकृत हुन ईच्छुक र योग्यता पुगेका व्यक्तिका लागि पालिकाले दरखास्त आह्वान गरेको छ ।

दरखास्तको समय सूचना प्रकाशित मितिबाट १५ दिनभित्र सानिमा बैंकमा रहेको पालिकाको आन्तरिक राजश्व शीर्षकमा जम्मा गरिएको भौचर सहितको दरखास्तको लागि बागमती गाउँकार्यपालिकाको कार्यलयमा सम्पर्क गर्न भनिएको छ । बागमतीका भरि जम्मा ५० वटा सामुदायिक विद्यालय छन् । जस अन्तर्गत प्रावि ३५ वटा, निमावि १० वटा र मावि ५ वटा रहेको छ ।

# उद्योग मन्त्रालायको प्रगति समीक्षा तथा र योजना तर्जुमा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय बागमती प्रदेशको आयोजनामा हालसम्मको प्रगति समीक्षा तथा आगामी आर्थिक वर्षको योजना तर्जुमा गोष्ठी भएको छ ।

बुधबार हेटौंडामा चालू आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक प्रगति समीक्षा एवम् आगामी आर्थिक वर्ष २०८१/८२ को योजना तर्जुमा गोष्ठी भएको हो । कार्यक्रममा बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय मातहतका कार्यालयको कार्यालयप्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

कार्यक्रममा कार्यालय प्रमुखले आआफ्नो कार्यालयको भौतिक अवस्था, राजस्व, चालू आर्थिक वर्णको कार्यक्रम तथ प्रगति विवरणदेखि अनुगमनको क्रममा देखिएको समस्या प्रस्तुत गरेका थिए ।

मन्त्रालयलाई आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा उद्योग तथा वाणिज्य क्षेत्रमा देखिएको समस्याको समाधान हुने र प्रभावकारी नयाँ योजना समावेश गर्न आग्रह गरेका थिए । मन्त्रालयका सचिव राजेन्द्रकुमार केसीले मातहतको कार्यालयले गर्ने अनुगमनमा दण्ड-जरिवाना भन्दा पनि जनता तथा उद्योगीलाई सचेतना प्रदान गर्न निर्देशन दिए । कोशेलीघरको बिषयमा भने कार्यविधि नै बनाएर अगाडि बढ्न आवश्यक रहेको उनको भनाई छ । सचिव केसीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुखअतिथि उद्योग मन्त्री प्रकाश श्रेष्ठ, १३ जिल्लाका मातहतका कार्यालयप्रमुख, मन्त्रालयका महाशाखा प्रमुखलगायतको उपस्थिति थियो ।

# कामधेनु सहकारीको वार्षिकोत्सब

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ हेटौंडा उपमहानगरपालिका-६ चुच्चेखोलामा रहेको कामधेनु बहुउद्देश्यीय सहकारी संस्थाले २६ औं वार्षिकोत्सब मनाएको छ । संस्था स्थापनाको अवसरमा २ जना ज्येष्ठ शेयर सदस्यलाई दोसल्ला र लौरो प्रदान गरिएको थियो ।

शेयर सदस्य सीतादेवी पराजुली र होमनाथ विडारीलाई हेटौंडा-१७ का वडाअध्यक्ष उद्वव सत्यालले दोसल्ला र लौरो प्रदान गरे । संस्थाका अध्यक्ष उदय बिडारीको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष बासुदेव सापकोटा, निवर्तमान अध्यक्ष गौरवकुमार पराजुली, उपाध्यक्ष उदयप्रकाश दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, पत्रकार सुनिल शिवाकोटी, सञ्चालक समिति, ऋृणउपसमिति, शेयरसदस्य, कर्मचारीलगायतको सहभागिता थियो ।

वार्षिकोत्सवको अवसरमा संस्था परिसरमा दीपप्रज्वलन गरिएको थियो । संस्थामा ६ सय ४५ जना शेयरसदस्य आवद्द रहेका छन् ।

# जलेश्वरमा विभिन्न मूर्तिको प्राणप्रतिष्ठा



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ हेटौंडा-२ स्थित जलेश्वर महादेव मन्दिर परिसरमा विभिन्न भगवानका मूर्तिको प्राणप्रतिष्ठा गरिएको छ । हेटौंडा-२ निबासी सेवानिबृत्त शिक्षक, संस्कृतिविद् रामचन्द्र आचार्य 'फुर्सती' परिवारले कालभैरवको पाषाण मूर्ति स्थापना गरेका थिए ।

महादेवको मन्दिर परिसरमा भैरवको मूर्ति पनि जरुरी रहेको भन्दै फुर्सती परिवारले भैरवको मूर्ति स्थापना गरी प्राणप्रतिष्ठा गरेको हो । २ फिट अग्लो मूर्तिको मंगलबार र बुधबार दुईदिने बैदिक कार्यक्रम गरी प्राणप्रतिष्ठा गरिएको हो । त्यस्तै हेटौंडा-२ निबासी महेश्वरमान श्रेष्ठ परिवारले शिवलिङ्ग, नन्दि र गणेश भगवानको मूर्ति स्थापना गरेका छन् । हेटौंडा-२ निबासी भोला अर्यालको परिवारले शेषनागको मूर्ति स्थापना गरेका थिए । सबै मूर्तिको बैदिक बिधिअनुसार एकसाथ प्राणप्रतिष्ठा गरिएको हो ।

मूर्तिको जलाधिवासदेखि शैयाधिवाससम्मका बिधि पूरा गरी प्राणप्रतिष्ठा गरिएको थियो । सो अवसरमा होमयज्ञ, रुद्रीपाठ, चण्डिपाठ, गणेशस्तोत्र, शिबस्तोत्र, भैरवस्तोत्र, नागस्तोत्रको पाठपारयण गरी बुधबारबाट मूर्तिमा सर्बसाधारणका लागि पूजाआजा खुला गरिएको बताइएको छ । पण्डित रामचन्द्र आचार्य, बासुदेव आचार्य, कपिल लामिछाने, अभ्युदय खनाल, डुकराज पौडेलले धार्मिक बिधिअनुसार मूर्तिको प्राणप्रतिष्ठाको सहजीकरण गरेका थिए ।

कार्यक्रममा हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, नेपाली कांग्रेसका जिल्ला सचिव ईश्वर पाठक, जलेश्वर मन्दिर संरक्षण समितिका अध्यक्ष मुरारी सुबेदी, हेटौंडा-२ का वडासदस्य ईन्द्रप्रसाद रिजाल, टोल विकास समितिका पदाधिकारीलगायत सहभागी थिए ।

# पानी माग्दै स्थानीयले भ्यागुताको विवाह गराए



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ पानी पर्ने जनविश्वासले हेटौंडा उपमहानगरपालिका-१६ का स्थानीयले भ्यागुताको विवाह गराएका छन् ।

आकाशबाट पानीको वर्षात होस् भनेर बुधबार बिहान पण्डित लगाएर बाजागाजासहित एकजोडी भ्यागुताको वैदिक परम्परा अनुसार विवाह गरिएको हो । गतवर्ष पानी माग्दै मकवानपुरको उत्तरी क्षेत्रस्थित एक मन्दिरमा पूजा पनि लगाइएको थियो । पानी नपरेर खडेरी लाग्दा अन्नबाली समेत लगाउन समस्या भएकोले धार्मिक जनविश्वास अनुसार भ्यागुताको विवाह गराएको १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइरालाले बताए ।

भ्यागुताको विवाहमा करिब ३ सय जना भन्दा बढी सहभागी थिए । हेटौंडा-१६, स्थित राम मन्दिरबाट जन्ती प्रस्थान सुरु गरी १६ नम्बरकै खमारेको कुवा पुगेर विधिपूर्वक पन्चेबाजा सहित भ्यागुताको विवाह गरिएको हो । विवाह कार्यक्रममा महिलाको टोलीले पञ्चेबाजा बजाउनुका साथै नाचगान समेत गरेका थिए । लामोसमयदेखि पानी नपरेका कृषि उत्पादनदेखि जनजीवन कष्टकर बनेको स्थानीयको भनाई छ । पानी नपर्दा गर्मी र वन डँडेलो बढ्नुका साथै अन्नबाली लगाउन समेत समस्या भएको स्थानीयको गुनासो छ ।

'विदेशमा बादल बनाएर पानी पार्छन्, हाम्रो देशमा पानी पार्न भ्यागुताको विवाह गर्नुपर्ने अवस्था छ', वडाअध्यक्ष कोइरालाले भने, 'पहिले-पहिले भ्यागुताको विवाह गऱ्यो भन्ने पानी पर्छ भन्ने चलन थियो । सोहीअनुसार यहाँ भ्यागुताको विवाह भएको हो ।,' पानी पर्छ भन्ने स्थानीयको अपेक्षा रहेको वडाध्यक्ष कोइराला बताउँछन् ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना